आर्थिक वर्ष २०८०।०८१ को तेस्रो तथा समग्रमा ७३ औं गाउँ कार्यपालिका बैठक मिति २०८०।०६।१९ का निर्णयहरु

१. ७२ औं गाउँ कार्यपालिकाको बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

२. गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम हाल रिक्त रहेका अनमी पद-३ मा स्थायी पदपूर्ति नहुञ्जेल करार सेवामा व्यवस्था गर्ने साथै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तरतको कार्यक्रम र बजेट तर्फ वडा नं ४ मा रिक्त सामाजिक परिचालिका पदमा समेत करार सेवामा पदपूर्ति गर्ने ।

३. मनसुनको प्रभाव कम हुँदै गएको र चाडपर्वहरु नजिकिदै गरेको अवस्थालाई मध्यनजर गर्दै प्रमुख र अत्यवाश्यक सडकहरु सम्बन्धित वडाले मर्मत सम्भार तथा सरसफाइ गर्ने, साथै चालू आ.व मा बाढी पहिरोका कारण अवरोध भई आपतकालीन अवस्थामा सुचारू गरिएका सडक मर्मत कार्यको भुक्तानी मर्मत सम्भार कोषबाट व्ययभार गर्ने ।

४. तपसिल बमोजिमका कार्यविधि\कार्यक्रम सञ्चालन प्रक्रिया स्वीकृत गर्ने ।

तपसिलः

क. बाल पोषण कार्यक्रम सञ्चालन प्रक्रिया, २०८०

ख. सामुदायिक भवन तथा संरचनाहरुको अभिलेखिकरण तथा उपयोग सम्बन्धी कार्यविधि, २०८०

ग. भगिनी सम्बन्ध पूर्वाधार कार्यक्रम सञ्चालन प्रक्रिया, २०८०

५. गाँउ शिक्षा समितिबाट पेश भएका विभिन्न निर्णयहरु सबै अनुमोदन गर्ने ,

६. तपसिल बमोजिमका योजनाहरु ठेक्का प्रक्रियाबाट यथाशीघ्र कार्यान्वयन गर्नेः

तपसिलः

क. पेरिबाङ बरेङ उर्लेनी सडक योजना,

ख. नयाँबजार सल्यान सुखौरा सडक,

ग. गाउँपालिका रिङरोड योजना,

७. तपसिल बमोजिम विविध निर्णयहरु गरियो ।

तपसिलः

क. अव्यवस्थित बसोबासी तथा जग्गा विहीन सुकुम्बासी सम्बन्धी लगत संकलन तथा व्यवस्थापन कार्यका लागि आवश्यक अमिन करार सेवा, ज्यालादारी वा कामकाजमा व्यवस्था गर्ने ।

ख. बरेङ सरसफाइ अभियान अन्तरगत यही मिति २०८०।०६।२६ गते शुक्रबार बरेङ गाउँपालिका भित्रका सबै जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी (कक्षा ९ देखि माथि), सामाजिक संघसंस्था लगायत इच्छुक सम्पूर्ण नागरिकहरुलाई संलग्न हुनका लागि अनुरोध गर्ने।

आर्थिक वर्ष २०८०।०८१ को तेस्रो तथा समग्रमा ७३ औं गाउँ कार्यपालिका बैठक मिति २०८०।०६।१९ का निर्णयहरु

ग. सबै वडा कार्यालयहरुले गाउँपालिकाको भू-उपयोग वर्गीकरणको कार्यान्वयन गर्ने\गराउने ।

घ. विगत वर्षहरुमा विभिन्न योजनाहरु कार्यान्वयन गरेका उपभोक्ता समितिहरुको बैंक खातामा रहेको मौज्दात रकम भएमा फिर्ता लिई निस्क्रिया खातालाई बन्द गर्ने\गराउने अन्यथा सो रकम गाउँपालिकाको खातामा ट्रान्सफर गर्ने सूचना जारी गरी सम्बन्धित बैङ्कलाई पत्राचार गर्न लगाउने ।

तुफान पुन

प्रवक्ता